चैत्र, २०७८

# कस्टमाइज्ड तालिम पाठ्यक्रम

# नेपाली

## आधारभूत तह (कक्षा ६-८)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## विषयसूचि


| क्र.स. | विषयवस्तु | पेज |
| --- | --- | --- |
| १ | परिचय | |
| २ | तालिमको सक्षमता | |
| ३ | तालिमको विषयवस्तु | |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | |
| ५ | तालिम मूल्याङ्कन | |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | |

## परिचय

नेपाली भाषा सरकारी कामकाज र विद्यालय शिक्षाको प्रमुख माध्यम भाषा हो। विद्यालय तहमा नेपाली भाषालाई अनिवार्य विषयको रूपमा शिक्षण गरिएको छ।शिक्षा नीति, २०७६ र शिक्षा पद्धतिको मार्गदर्शक दस्तावेज विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मार्गदर्शनमा निर्मित आधारभूत तहको पाठ्यक्रम कार्यान्वयनमा छ। आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम भाषिक सिप र अभिव्यक्तिमा आधारित भई परिवर्तित सन्दर्भ, सामाजिक मूल्यमान्यता तथा भाषिक सिपका कार्यमूलक प्रयोग पक्षलाई समेटी निर्माण गरिएको छ। परिवर्तित पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपयोग गर्दै शिक्षण सिकाइ गरी विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउने महत्वपूर्ण भूमिका शिक्षकको हुन्छ। यसका लागि शिक्षक तालिम एक महत्वपूर्ण पक्ष हो । भाषा शिक्षण भाषिक सिपको शिक्षण हो।निरन्तरको अभ्यास र प्रयोगले भाषा शिक्षणमा प्रभावकारिता ल्याउन सकिन्छ। शिक्षकमा समयसापेक्ष, गुणस्तरीय र प्रभावकारी ढङ्गले शिक्षण गर्न पेसागत दक्षता अभिवृद्धिका लागि यो तालिम पाठ्यक्रम सफल हुने छ भन्ने विश्वास गरिएको छ। आधारभूत तह (कक्षा ६–८) को नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्ने क्षमताको विकास गर्न यो तालिम प्रभावकारी हुने अपेक्षा रहेको छ।

## तालिमको सक्षमता

यस तालिमको अन्त्यमा सहभागीहरूमा निम्नानुसारका सक्षमताहरू हासिल हुने छन्ः

- (क) आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको चिनारी
- (ख) पाठ्यक्रमले निर्धारण गरेका क्षेत्र र क्रम, सहजीकरण प्रक्रिया, मूल्याङ्कन प्रक्रियाको जानकारी र उपयोग
- (ग) भाषिक सिप विकासका क्रियाकलाप र सामग्रीको निर्माण र उपयोग
- (घ) भाषिक संरचना, वर्णविन्यास, शब्दभण्डार र भाषिक प्रकार्य शिक्षणका कार्यकलाप निर्माण र उपयोग
- (ङ) भाषिक मूल्याङ्कनका साधन निर्माण र उपयोग

## तालिमको विषयवस्तु

| क्र. स. | मुख्य विषयवस्तु | विस्तृतीकरण | सत्र |
|---|---|---|---|
| १ | आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक | • आधारभूत तह कक्षा ६ देखि ८ को पाठ्यक्रम र पाठ्यपुस्तकको परिचय र संरचना<br>• शिक्षक निर्देशिकाको परिचय र शिक्षण सिकाइ कार्यकलापमा यसको उपयोग | २ |

| | | | |
|---|---|---|---|
| | निर्देशिकाको प्रयोग | • पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अन्तरसम्बन्ध र उपयोग | |
| २ | सुनाइ र बोलाइ सिप विकास | • सुनाइ र बोलाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास | १ |
| ३ | पढाइ सिप विकास | • पढाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास | २ |
| ४ | लेखाइ सिप विकास | • लेखाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास | २ |
| ५ | शब्दभण्डार र भाषिक संरचना | • शब्दभण्डार शिक्षणका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास<br>• पाठ्यक्रममा उल्लिखित भाषिक संरचनाका क्षेत्रहरूको पहिचान, अभ्यास र प्रस्तुतीकरण | १ |
| ६ | सूचना तथा सञ्चार प्रविधिको उपयोग | • भाषिक सिप विकासका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | १ |
| ७ | सिकाइ सहजीकरण अभ्यास | • शिक्षण योजना निर्माण<br>• शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान | ३ |
| ८ | विद्यार्थी मूल्याङ्कन | • मूल्याङ्कनको अवधारणा र प्रकार<br>• विशिष्टीकरण तालिकाको उपयोगका आधारमा प्रश्न निर्माणको अभ्यास | ३ |
| | | जम्मा | १५ |

## तालिम कार्यान्वयन कार्यविधि

(क) **तालिमको अवधिः** यो तालिम पाँच दिन अवधिको हुने छ। पाँचै दिन आमनेसामने पद्धतिबाट प्रदेश शिक्षा तालिम केन्द्रमार्फत तालिम सञ्चालन हुने छ। प्रति दिन तीन सत्रका दरले पाँच दिन अवधिमा १५ ओटा सत्रहरू सञ्चालन हुने छन। प्रति सत्र एक घण्टा ३० मिनेटको हुने छ।

(ख) **तालिमको लक्षित समूहः** यस तालिमको लक्षित समूह आधारभूत तहमा नेपाली विषय अध्यापनरत शिक्षकहरू हुने छन्। सहभागी छनौटका लागि प्रदेश शिक्षा तालिम केन्द्रले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ, गाउँपालिका, नगरपालिका र विद्यालयहरूसँग आवश्यक समन्वय गर्ने छ।

(ग) **तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया**

- यस तालिमको कार्यान्वयन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ।
- शिक्षा तथा मानव स्रोत विकास केन्दबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सत्रसम्मको विषयवस्तु प्रदेश शिक्षा तालिम केन्द्रले स्थानीय सरोकारवालाहरूको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्ने छ।

(घ) **तालिम सहजीकरण**

- प्रदेश शिक्षा तालिम केन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ। रोस्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारूप, २०७२ ले तोकेको आधार पूरा गरेको व्यक्ति हुनुपर्दछ।
- तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ।
- तालिमका लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ।
- सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयवस्तुसँग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्ने छ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छः
  - ➢ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
  - ➢ अन्तरक्रिया विधि
  - ➢ छलफल तथा समूह कार्य विधि
  - ➢ परियोजना कार्य विधि
  - ➢ अवलोकन विधि
  - ➢ मामला अध्ययन
  - ➢ समस्या समाधान र स्वअध्ययन विधि
  - ➢ खेल विधि
  - ➢ समूह शिक्षण विधि

## तालिम मूल्याङ्कन

(क) यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा उनीहरूले तालिमक क्रममा निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा

गरिने छ। छलफल, समूह कार्य र प्रस्तुतिका साथै प्रिटेस्ट तथा पोस्टटेस्ट पनि मूल्याङ्कनका आधार हुने छ।

(ख) सहभागी शिक्षकहरूलाई तालिमपश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिने छ।

## कार्ययोजना तथा प्रतिबद्धता

(क) सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा सिकाइ सहजीकरणमा प्रयोग गर्न सकिने कम्तीमा पाँच ओटा कार्यको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्ने छ।

| क्र.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) तालिम अवधिमा निर्माण गरिएका पाठयोजनासमेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपर्ने छ।

(ग) सहभागीहरूले कार्ययोजनाबमोजिमका सुधारहरू गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्र समक्ष गर्नुपर्ने छ।

(घ) शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्ने छ।

ΩΩΩ